# लगानी बोर्ड ऐन, २०६८

*(मिति २०७४ साल पुष मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

---

**नोटः** यो ऐन केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ बाट संवत् २०७५ भदौ १ बाट प्रारम्भ हुने गरी संशोधन भएकोमा सो संशोधन समावेश गरिएको छैन ।

# लगानी बोर्ड ऐन, २०६८

प्रमाणीकरण र प्रकाशन मिति
२०६८।५।२३

संवत २०६८ को ऐन नं. ७

## लगानी बोर्डको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : आर्थिक विकासका लागि सार्वजनिक-निजी साझेदारी, सहकारी र स्वदेशी तथा विदेशी निजी क्षेत्रको लगानीलाई परिचालन गरी व्यवस्थित रुपमा औद्योगीकरणको प्रक्रियालाई तीव्र बनाउन, अत्यावश्यक पूर्वाधार संरचनाको निर्माण तथा विकास गरी सबल, गतिशील तथा प्रतिस्पर्धी अर्थतन्त्र विकास गर्न र रोजगारीका अवसर सृजना गरी गरिबी निवारणमा अर्थपूर्ण योगदान पुऱ्याउन एक अधिकार सम्पन्न लगानी बोर्ड गठन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिमको व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "लगानी बोर्ड ऐन, २०६८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "बोर्ड" भन्नाले दफा ३ बमोजिम गठित बोर्ड सम्झनु पर्छ ।

(ख) "सदस्य" भन्नाले बोर्डको सदस्य सम्झनु पर्छ र सो शब्दले बोर्डको अध्यक्ष समेतलाई जनाउनेछ ।

(ग) "कार्यालय" भन्नाले दफा ६ बमोजिम गठित बोर्डको कार्यालय सम्झनु पर्छ ।

(घ) "लगानी" भन्नाले दफा ९ बमोजिम हुने परियोजना लगानी सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. बोर्डको गठन : लगानीको वातावरण सृजना गरी पूर्वाधार संरचना क्षेत्र तथा अन्य क्षेत्रमा सार्वजनिक-निजी साझेदारी, सहकारी र स्वदेशी तथा विदेशी निजी लगानी परिचालन गरी व्यवस्थापन गर्न देहायको लगानी बोर्ड गठन हुनेछ :-

| | | |
|---|---|---|
| (क) | प्रधानमन्त्री | - अध्यक्ष |
| (ख) | प्रधानमन्त्रीले लगानी बोर्ड हेर्न तोकेको मन्त्री | - उपाध्यक्ष |
| (ग) | अर्थ मन्त्री | - सदस्य |
| (घ) | उद्योग मन्त्री | - सदस्य |
| (ङ) | वन मन्त्री | - सदस्य |
| (च) | राष्ट्रिय योजना आयोगका उपाध्यक्ष | - सदस्य |
| (छ) | नेपाल राष्ट्र बैङ्कका गभर्नर | - सदस्य |
| (ज) | नेपाल सरकारका मुख्य सचिव | - सदस्य |
| (झ) | उद्योग, पर्यटन, पूर्वाधार विकास, वाणिज्य कानून तथा वित्तीय क्षेत्रका विशेषज्ञहरुमध्ये बोर्डले मनोनयन गरेको | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | |
|---|---|---|
| | कम्तीमा एकजना महिला सहित चारजना | - सदस्य |
| (छ) | कार्यालयको कार्यकारी प्रमुख | - सदस्य-सचिव |

४. <u>बोर्डको बैठक सम्बन्धी कार्यविधि</u> : (१) बोर्डको बैठक अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।

(२) बोर्डको बैठकको अध्यक्षता बोर्डको अध्यक्षले र निजको अनुपस्थितिमा बोर्डको उपाध्यक्षले गर्नेछ ।

(३) बोर्डले सम्बन्धित विभागीय मन्त्री, सम्बन्धित मन्त्रालयका सचिव, नेपाल सरकारको कुनै पनि अधिकृत वा कुनै स्वदेशी वा विदेशी विशेषज्ञलाई बोर्डको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) बोर्डको निर्णय सदस्य-सचिवले अभिलेख गरी प्रमाणित गर्नेछ ।

(५) बोर्डको बैठक सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

५. <u>बोर्डको काम, कर्तव्य र अधिकार</u> : बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लगानी सम्बन्धी नीति तर्जुमा गर्ने वा गराउने,

(ख) दफा ९ मा लेखिएका लगानीका क्षेत्रमध्ये प्रतिस्पर्धात्मक वा प्राथमिकताका क्षेत्रको छनौट गर्ने वा गराउने,

(ग) लगानी योग्य परियोजनाको छनौट गरी प्रस्ताव आह्वान, प्राप्त प्रस्तावको मूल्याङ्कन, लगानीकर्तासँग वार्ता, लगानीको स्वीकृति प्रदान, प्रस्तावकसँग तोकिए बमोजिम सम्झौता गराउने,

(घ) लगानीका सम्बन्धमा भएको सम्झौता बमोजिम परियोजना निर्माण, कार्यान्वयन वा सञ्चालन भए वा नभएको अनुगमन गर्ने वा गराउने,

(ङ) आर्थिक वा गैर आर्थिक सुविधा निर्धारण गरी उपलब्ध गराउने,

तर, त्यसरी सुविधा उपलब्ध गराउँदा निश्चित मापदण्डको आधारमा कार्यविधि तयार गरी उपलब्ध गराउनु पर्नेछ ।

(च) परियोजना विश्लेषण सम्बन्धी मापदण्ड तयार, लगानीका शर्त निर्धारण तथा लगानीकर्तासँग सम्झौता गराउने,

(छ) स्वीकृत लगानीका लागि प्रचलित कानून बमोजिम आवश्यक सरकारी जग्गा उपलब्ध गराउने वा जग्गा प्राप्त गरिदिने,

(ज) लगानी प्रवर्द्धनका लागि विभिन्न मन्त्रालय, सरकारी तथा स्थानीय निकायबीच समन्वय गर्ने वा गराउने,

(झ) परियोजनाहरुको शीघ्र निर्णय र समस्याको छिटो छरितो उपचार प्रदान गर्ने,

(ञ) लगानी प्रवर्द्धन गर्नका लागि विदेशस्थित नेपाली नियोगहरुलाई परिचालन गर्ने वा गराउने,

(ट) लगानी प्रवर्द्धन सम्बन्धी तोकिए बमोजिमका अन्य कार्य गर्ने वा गराउने ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

६. बोर्डको कार्यालय : (१) बोर्डले स्वीकृत गर्नु पर्ने परियोजना लगानीको जाँचबुझ गरी स्वीकृतिका लागि बोर्ड समक्ष सिफारिस गर्न एक लगानी बोर्ड कार्यालय रहनेछ ।

(२) कार्यकारी प्रमुख पुरा समय काम गर्ने कार्यालयको प्रमुख पदाधिकारी हुनेछ ।

(३) कार्यालयले आवश्यक देखेमा बोर्डको स्वीकृति लिई सल्लाहकार वा नेपाली विशेषज्ञको समूह गठन गर्न सक्नेछ ।

तर नेपाली विशेषज्ञ उपलब्ध नभएको अवस्थामा विदेशी विशेषज्ञको सेवा लिन सकिनेछ ।

(४) कार्यालयले आवश्यक देखेमा सम्बन्धित विषयको विशेषज्ञ, उद्यमी, व्यवसायी, लगानीकर्ता वा नेपाल सरकारको कुनै पनि निकायको अधिकृत वा कुनै सरकारी स्वामित्वमा रहेको सङ्गठित संस्थाको कुनै कर्मचारीलाई कार्यालयको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) परियोजना लागानीको जाँचबुझ तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि बोर्डले निर्धारण गरे बमोजिम हुनेछ ।

७. कार्यालयको काम, कर्तव्य र अधिकार : कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बोर्डबाट स्वीकृत परियोजनामा प्रतिस्पर्धाका लागि लगानीकर्ताबाट तोकिए बमोजिम प्रस्ताव आह्वान गर्ने,

(ख) लगानीकर्ताहरुले पेश गरेको लगानी सम्बन्धी प्रस्तावहरुको मूल्याङ्कन तथा परियोजना विश्लेषण गरी बोर्ड समक्ष पेश गर्ने,

(ग) बोर्डद्वारा स्वीकृत शर्तहरुको आधारमा लगानीकर्तासँग वार्ता वा सम्झौता गर्ने,

(घ) सम्झौता अनुरुप परियोजना कार्यान्वयन गर्न लगानीकर्तालाई उत्प्रेरित गर्ने,

(ङ) परियोजनाको कार्यान्वयनको अनुगमन गर्ने तथा समय तालिका बमोजिम परियोजना कार्यान्वयन नभएको देखिएमा तोकिए बमोजिम अनुमति रद्द गर्नका लागि बोर्ड समक्ष सिफारिस गर्ने,

(च) परियोजना कार्यान्वयनमा देखिएका समस्याको निराकरण गर्ने,

(छ) स्वीकृत परियोजना कार्यान्वयन समयमा नगरेमा लगानीकर्तालाई सचेत गराउने तथा सचेत गराउँदा पनि परियोजना कार्यान्वयन नभएमा तोकिए बमोजिम कारबाहीको सिफारिस गर्ने,

(ज) लगानीकर्ताहरुलाई दिइएका आर्थिक वा गैरआर्थिक सुविधा उपलब्ध हुने व्यवस्था मिलाउने,

(झ) कुनै क्षेत्रमा दिइएको सुविधा अपर्याप्त भएको वा अन्य कुनै कारणबाट लगानी निरुत्साहित भएको देखिएमा सोको सुधारका उपाय बोर्ड समक्ष पेश गर्ने,

(ञ) कुनै विशेष लगानीका क्षेत्र वा उपक्षेत्रमा विशेष ध्यान दिन आवश्यक देखिएमा सोको सुझाव बोर्ड समक्ष पेश गर्ने,

(ट) बोर्डले तोकेको प्रशासनिक तथा अन्य कार्य गर्ने वा गराउने ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

८. विशेषज्ञ समिति वा कार्यदल : (१) परियोजना लगानीको कुनै खास प्राविधिक पक्षको अध्ययन तथा विश्लेषण गरी बोर्डलाई सुझाव दिन बोर्डको स्वीकृति लिई कार्यालयले सम्बन्धित क्षेत्रका विशेषज्ञ रहेको विशेषज्ञ समिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) विशेषज्ञ समिति वा कार्यदलले कार्यालयले तोकेको विषयको अध्ययन गरी तोकेको समयावधिभित्र आफ्नो प्रतिवेदन बुझाउनेछ ।

(३) विशेषज्ञ समिति वा कार्यदलको काम कारबाही सम्बन्धी कार्यविधि विशेषज्ञ समिति वा कार्यदल गठन गर्दाका बखत कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ ।

९. परियोजना लगानी : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै पनि परियोजना कार्यान्वयन गर्न आवश्यक हुने लगानी यस ऐन बमोजिम कार्यान्वयन गरिनेछ :-

(क) नेपाल सरकारले तोकेको द्रूतगत सडक (फाष्ट ट्र्याक रोड), सुरुङमार्ग, रेलमार्ग, रोप-वे, ट्रलिबस,

(ख) अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरका विमानस्थल निर्माणमा हुने लगानी तथा सञ्चालनमा रहेका विमानस्थलको आधुनिकीकरण एवं व्यवस्थापनमा हुने लगानी,

(ग) शहरी क्षेत्रमा फोहोरमैलाको व्यवस्थापन तथा प्रशोधन प्लाण्टमा हुने लगानी,

(घ) रासायनिक मल उत्पादन कारखानामा हुने लगानी,

(ङ) पेट्रोलियम रिफाइनरी प्लाण्टको लगानी,

(च) नेपाल सरकारले तोकेका ठूला पुलको निर्माणमा हुने लगानी,

(छ) एकाउन्न प्रतिशतभन्दा बढी विदेशी लगानीमा स्थापना गरिने बैङ्क तथा वित्तीय संस्थामा हुने लगानी वा बीमा वा पुनर्बीमा कम्पनीको स्थापना र सञ्चालनमा हुने लगानी,

(ज) मेडिकल कलेज तथा तीन सय शैयाभन्दा माथिका अत्याधुनिक सुविधायुक्त अस्पताल वा नर्सिङ होममा हुने लगानी,

(झ) पाँच सय मेगावाट वा सोभन्दा बढी क्षमताको जलविद्युत उत्पादन परियोजनामा हुने लगानी,

(ञ) विशेष आर्थिक क्षेत्र, निर्यात प्रवर्द्धन वा निर्यात प्रशोधन क्षेत्र, विशेष औद्योगिक क्षेत्र वा सूचना प्रविधि पार्कको निर्माणमा हुने लगानी,

(ट) स्थिर पुँजी दश अर्ब रूपैयाँ वा सोभन्दा बढी परियोजना लागत भएको कुनै पनि पूर्वाधार संरचना वा सेवा उद्योगमा हुने लगानी,

स्पष्टीकरण : यस खण्डको प्रयोजनका लागि "पूर्वाधार संरचना वा सेवा उद्योग" भन्नाले निर्माण उद्योग, खनिजजन्य उद्योग, पर्यटन उद्योग, हवाई उद्योग मानिने कुनै पनि उद्योग सम्झनु पर्छ ।

(ठ) स्थिर पुँजी दश अर्ब रूपैयाँ वा सोभन्दा बढी परियोजना लागत भएको कुनै पनि उत्पादनशील उद्योगमा हुने विदेशी लगानी,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ड) खण्ड (क) देखि खण्ड (ठ) सम्म उल्लेख भएका प्रकृतिका नेपाल सरकारले तोकिदिएका अन्य प्राथमिकताका क्षेत्रमा हुने लगानी ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम भएको अन्य कुनै लगानीको प्रक्रियामा कुनै किसिमको बाधा, अवरोध वा दुरुत्साहन भएको गुनासो बोर्ड समक्ष प्राप्त हुन आएमा त्यस्तो लगानीका सम्बन्धमा बोर्डले आवश्यक निर्णय गरी सो बमोजिम गर्न सम्बन्धित निकायलाई निर्देशन दिन सक्नेछ ।

१०. बोर्ड समक्ष निवेदन दिने : (१) दफा ९ बमोजिमको कुनै परियोजनामा लगानी गर्न चाहने कुनै पनि व्यक्तिले परियोजना लगानीको प्रस्ताव सहित बोर्ड समक्ष तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर सहित निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएकोमा कार्यकारी प्रमुखले त्यसको प्रारम्भिक मूल्याङ्कन गरी प्रस्तावित लगानी परियोजना उपयुक्त देखिएमा सात दिनभित्र परियोजना लगानीको वित्तीय, वातावरणीय, प्राविधिक, सामाजिक पक्षको प्रारम्भिक जाँचबुझ तथा मूल्याङ्कनको प्रक्रिया शुरु गर्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले त्यसरी प्राप्त भएको तीस दिनभित्र आवश्यक मूल्याङ्कन गरी परियोजना लगानी स्वीकृत गर्न वा नगर्न बोर्ड समक्ष सिफारिस गर्नेछ ।

तर मनासिब कारण परी सो अवधिभित्र सिफारिस गर्न नसकिने भएमा कार्यालयको अनुरोधमा बोर्डले आवश्यक समयावधि थप गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सिफारिस गर्नु अघि प्रस्तावित परियोजना लगानीको कुनै प्राविधिक पक्षको विषयमा अध्ययन, विश्लेषण वा जाँचबुझ गर्नु पर्ने देखिएमा कार्यालयले दफा ८ बमोजिम विशेषज्ञ समिति वा कार्यदल मार्फत् गराउन सक्नेछ ।

(५) उपदफा (३) बमोजिम लगानी गर्न सिफारिस प्राप्त भएको सात दिनभित्र बोर्डले परियोजना लगानी शर्त सहित वा विना शर्त स्वीकृत गर्ने वा नगर्ने निर्णय गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम निवेदकलाई जानकारी दिनु अघि सम्बन्धित निवेदकसँग वार्ता गर्न आवश्यक देखिएमा बोर्डले कार्यालय मार्फत् सम्बन्धित निवेदकसँग वार्ता गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम वार्ता गर्नु पर्ने भएमा बोर्डको निर्णय भएको मितिले सात दिनभित्र कार्यालयले वार्ताको स्थान र समय तोकी सम्बन्धित निवेदकलाई वार्ताको लागि आमन्त्रण गर्नेछ ।

(८) उपदफा (६) बमोजिम वार्ता भएकोमा सोको नतिजा सहित कार्यालयको सिफारिसको आधारमा बोर्डले परियोजना लगानी शर्त सहित वा विना शर्त स्वीकृत गर्ने वा नगर्ने निर्णय गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(९) उपदफा (५) र (८) बमोजिम परियोजना लगानी स्वीकृत भएकोमा बोर्डले निवेदकलाई प्रचलित कानून बमोजिम परियोजना कार्यान्वयन गर्न तोकिए बमोजिमको दस्तुर लिई तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र प्रदान गर्नेछ ।

(१०) यस दफा बमोजिम परियोजना लगानी स्वीकृत भएको जानकारी प्राप्त भएको पन्ध्र दिनभित्र आवश्यक शर्तहरु पुरा गरी निवेदकले अनुमतिपत्र लिइसक्नु पर्नेछ र यसरी अनुमति

प्राप्त भएको पन्ध्र दिनभित्र लगानीकर्ताले प्रचलित कानून बमोजिम परियोजना दर्ता तथा कम्पनी दर्ताको कार्य पुरा गरिसक्नु पर्नेछ ।

(११) उपदफा (९) वा (१०) बमोजिम अनुमतिपत्र लिन वा दर्ता गर्न नसक्ने कुनै मनासिब कारण भएमा निवेदकले कार्यालयमार्फत कारण खुलाई अनुमतिपत्र लिन सक्ने वा दर्ता गर्ने म्याद थप गर्न माग गर्न सक्नेछ र त्यसरी म्याद थप गर्न माग भएकोमा बोर्डले मनासिब म्याद थप गर्न सक्नेछ ।

तर त्यसरी थपिने म्यादको अवधि सामान्यतया एक महिनाभन्दा बढी हुन सक्ने छैन ।

(१२) उपदफा (९) बमोजिम अनुमतिपत्र दिइएको कुनै परियोजनामा वातावरणीय प्रभाव अध्ययन वा मूल्याङ्कन गर्नु पर्ने भएमा सो प्रयोजनको लागि प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि परियोजनाको प्रकृति हेरी बोर्डले तीन महिनाको समय दिनेछ र सो अवधिमा अध्ययन सम्पन्न गरी लगानीकर्ताले तोकिएको ढाँचामा तोकिएको निकाय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(१३) उपदफा (१२) बमोजिमको अवधिभित्र लगानीकर्ताले अध्ययन पुरा नभएको कारणले म्याद थप्न लिखित अनुरोध गरेमा बोर्डले बढीमा थप तीन महिनासम्म म्याद थप गर्न सक्नेछ ।

(१४) लगानीकर्ताबाट प्राप्त भएको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी अध्ययन प्रतिवेदनउपर सम्बन्धित निकायले आफ्नो अध्ययन पुरा गरी एक्काईस दिनभित्र निर्णय गर्नु पर्नेछ ।

(१५) काबूबाहिरको परिस्थिति परेकोमा बाहेक अन्य कुनै कारण देखाई यस्तो निर्णय नगर्ने अधिकारीलाई कानून बमोजिम कारबाही गर्न बोर्डले नेपाल सरकारलाई सिफारिस गर्न सक्नेछ ।

(१६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव अध्ययन गर्न आवश्यक हुने परियोजनाको उपदफा (९) बमोजिम लगानीको अनुमति पाएको वा उपदफा (१०) बमोजिम दर्ता गरिएको कारणले मात्र परियोजना निर्माणको कार्य शुरु हुन सक्ने छैन ।

(१७) कुनै लगानीकर्ताले यस दफा बमोजिमको प्रक्रिया पुरा नगरी परियोजना निर्माणको कार्य शुरु गरेमा बोर्डले देहायको कुनै वा सबै कारबाही गर्न सक्नेछ :-

(क) निर्माण रोक्का गर्ने,

(ख) अनुमतिपत्र रद्द गर्ने,

(ग) परियोजनालाई आफ्नो नियन्त्रणमा लिई सम्पत्ति जफत गर्ने ।

११. रीत पुगेको मानिने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम बोर्डबाट परियोजना लगानी स्वीकृत भई दफा १० बमोजिम अनुमतिपत्र प्राप्त गरेकोमा त्यस्तो अनुमतिपत्र प्रचलित कानूनको रीत पुऱ्याई जारी भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको अनुमतिपत्रका शर्तहरु उपर अनुमतिपत्र बहाल रहेको अवधिभर प्रतिकूल हुने गरी कुनै कानूनी, प्रशासनिक वा नीतिगत व्यवस्था गरिने छैन र त्यसउपर प्रतिकूल हुने गरी गरिएको कुनै पनि कानूनी, प्रशासनिक वा नीतिगत व्यवस्था मान्य हुने छैन ।

१२. कानून बमोजिमको सुविधा पाउने : यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरी भएको लगानीले यस ऐन बमोजिमको सुविधाको अतिरिक्त औद्योगिक व्यवसाय तथा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी प्रचलित कानून वा अन्य कुनै कानून बमोजिम उद्योगले पाउने सम्पूर्ण संरक्षण, सुविधा, सहुलियत तथा छुट प्राप्त गर्नेछ ।

१३. कार्यकारी प्रमुख : (१) बोर्डको दैनिक प्रशासन सञ्चालन र बोर्डको कार्य सम्पादन गर्न बोर्डमा एक कार्यकारी प्रमुख रहनेछ ।

(२) कार्यकारी प्रमुख बोर्डमा पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र निजको पारिश्रमिक र अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(३) देहायको योग्यता पुगेको नेपाली नागरिक कार्यकारी प्रमुख पदमा नियुक्त हुन सक्नेछ :-

(क) मान्यताप्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, इञ्जिनियरिङ्ग वा परियोजना विश्लेषण, वाणिज्य-कानून विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव सहित उच्चस्तरको दक्षता भएको,

(ख) पैंतीस वर्ष उमेर पूरा भएको ।

(४) कार्यकारी प्रमुखको नियुक्तिका लागि बोर्ड समक्ष सिफारिस गर्न नेपाल सरकारले बोर्डको उपाध्यक्षको संयोजकत्वमा राष्ट्रिय योजना आयोगको उपाध्यक्ष र नेपाल सरकारको एकजना पूर्व सचिव सदस्य रहेको एक छनौट समितिको गठन गर्नेछ र त्यस्तो समितिले प्रतिस्पर्धाको आधारमा तोकिए बमोजिमको कार्यविधि पुरा गरी कार्यकारी प्रमुखको नियुक्तिका लागि तीनजना व्यक्तिको नाम सिफारिस गर्नेछ ।

(५) उपदफा (४) बमोजिम सिफारिस भएका व्यक्तिहरुमध्ये एकजनालाई नेपाल सरकार, मन्त्रिपरिषद्ले कार्यकारी प्रमुख पदमा नियुक्त गर्नेछ ।

(६) कार्यकारी प्रमुखको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक अवधिका लागि पुन: नियुक्त हुन सक्नेछ ।

(७) देहायको अवस्थामा कार्यकारी प्रमुखको पद रिक्त हुनेछ :-

(क) निजले आफ्नो पदबाट बोर्ड समक्ष राजीनामा दिएमा,

(ख) निजको मृत्यु भएमा ।

(ग) निजको कार्यसम्पादनको स्तर सन्तोषजनक नभई नेपाल सरकारले हटाएमा,

(घ) निजको पदावधि पूरा भएमा,

(८) उपदफा (७) को खण्ड (ग) बमोजिम नेपाल सरकारले कार्यकारी प्रमुखलाई निजको पदबाट हटाउनु अघि तोकिए बमोजिम सफाइको मौका दिनु पर्नेछ ।

१४. कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार : (१) यस ऐनमा लेखिएका अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बोर्डको बैठकमा पेश गरिने प्रस्तावहरुको सूची तयार गर्ने,

(ख) बोर्डमा प्राप्त भएका प्रस्तावहरुको सूची तयार गरी मूल्याङ्कन सहित बोर्ड समक्ष पेश गर्ने,



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ग) बोर्डबाट भएका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने,

(घ) बोर्ड तथा कार्यालयको वार्षिक बजेट र कार्यक्रम तयार गर्ने र स्वीकृतिका लागि बोर्ड समक्ष पेश गर्ने,

(ङ) बोर्डबाट कार्यान्वयनको लागि स्वीकृत परियोजनाहरुको कार्यान्वयनको अनुगमन, समीक्षा, मूल्याङ्कन गर्ने वा गराउने,

(२) कार्यकारी प्रमुखको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१५. सदस्यहरुको नियुक्ति, पदावधि तथा पदमुक्ति : (१) दफा ३ को खण्ड (झ) बमोजिम मनोनीत सदस्यहरुको नियुक्ति प्रधानमन्त्रीबाट हुनेछ र निजहरुको पदावधि दुई वर्षको हुनेछ । निजहरुको पुनर्नियुक्ति हुन सक्नेछ ।

(२) प्रधानमन्त्री समक्ष राजीनामा दिएमा, निजको मृत्यु भएमा, कार्यसम्पादनको स्तर सन्तोषजनक नभई प्रधानमन्त्रीले तोकिए बमोजिम हटाएमा वा पदावधि पुरा भएमा मनोनीत सदस्य पदमुक्त हुनेछन् ।

(३) उपदफा (२) बमोजिम कुनै सदस्य पदमुक्त भएमा निजको स्थानमा अर्को व्यक्तिलाई निजको बाँकी अवधिका लागि मात्र नियुक्ति गरिनेछ ।

१६. परियोजना स्वीकृति सम्बन्धी विशेष व्यवस्था : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले देहायको अवस्थामा कुनै लगानीको क्षेत्रमा सोझै वार्ताद्वारा लगानीको अनुमति दिन सक्नेछ :-

(क) कम्तीमा दुई पटक प्रस्ताव आह्वान गर्दा पनि आवश्यक संख्यामा प्रस्ताव छनौट हुन नसकेको,

(ख) प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको,

(ग) नयाँ अवधारणा वा प्रविधि समावेश भएको,

(घ) बीस अर्ब रुपैयाँभन्दा बढी लागत ईष्टिमेट भएको, वा

(ङ) कुनै कारणले यस ऐन बमोजिमको अन्य कार्यविधि अवलम्बन गर्न उपयुक्त नदेखिएको ।

१७. बोर्डले थप सुविधा उपलब्ध गराउन सक्ने : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएका बखत दफा १२ बमोजिम प्राप्त हुने सुविधाका अतिरिक्त बोर्डले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिमको परियोजनाका लागि तोकिए बमोजिमको थप आर्थिक सुविधा दिन सक्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम उपलब्ध भएको सुविधा तोकिएको अवधिसम्मको लागि उपयोग गर्न बाधा पर्ने छैन ।

तर बोर्डले यस ऐन बमोजिम अनुमति दिंदाका बखत दिइएको सुविधाको दुरूपयोग भएको ठहर गरेमा त्यस्तो सुविधा बोर्डले रद्द गर्न सक्नेछ । त्यसरी सुविधा रद्द गर्नु अघि तोकिए बमोजिम सफाइको मौका दिनु पर्नेछ ।

१८. लगानीको सुरक्षा र संरक्षण : (१) यस ऐन अन्तर्गत भएको लगानीलाई अनुमतिपत्रको अवधिभर राष्ट्रियकरण गरिने छैन ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) प्रतिस्पर्धात्मक आधारमा अनुमति पाएका लगानीलाई प्रतिकूल असर पार्ने गरी सोही क्षेत्रमा र सोही प्रकृतिको अर्को लगानीलाई तोकिएको अवधिसम्म अनुमति दिन पाइने छैन ।

(३) अनुमतिपत्रमा अन्यथा भएकोमा बाहेक एक पटक अनुमतिपत्र जारी भएपछि सामान्यतया त्यसका शर्त थपघट गर्न सकिने छैन ।

१९. बाधा अड्चन फुकाउने : यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्चन देखा परेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ ।

२०. यसै ऐन बमोजिम हुने : यस ऐनमा लेखिएको कुरामा यस ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

२१. नेपाल सरकारसँग सम्पर्क : बोर्डले नेपाल सरकारसँग सम्पर्क राख्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् राख्नु पर्नेछ ।

२२. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य पुरा गर्न बोर्डले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२३. बोर्डको विघटन : (१) कुनै मनासिब कारणबाट बोर्डलाई खारेज गर्ने नेपाल सरकारले निर्णय गरेमा बोर्ड विघटन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम बोर्ड विघटन भएमा बोर्डको हक, दायित्व र सम्पत्ति नेपाल सरकारमा सर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय